# श्री माछापुच्छ्रे बैंक लिमिटेड
## २०६३ पौष १२ गते बुधबारका दिन सम्पन्न भएको
## आठौं वार्षिक साधारण सभाको बिबरणहरु (माईन्यूट)

**१. पृष्ठभूमि :**

श्री माछापुच्छ्रे बैंक लिमिटेडको आठौं वार्षिक साधारण सभा बैंकका सञ्चालक समितिका अध्यक्ष श्री सूर्य बहादुर के.सी.ज्यूको सभापतित्वमा देहाय बमोजिम सम्पन्न भयो ।

**२. सभाको मिति, स्थान र समय :**

मिति : २०६३ साल पौष १२ गते बुधबार ( २७ डिसेम्बर २००६)
स्थान : होटल फेवा प्रिन्स, पोखरा
समय : बिहान ११:३० बजे प्रारम्भ भै दिउँसो १:०० बजे सम्पन्न भयो ।

**३. सभाको सूचना प्रकाशन :**

(क) यस बैंकको मिति २०६३/०८/६ गतेका दिन बसेको सञ्चालक समितिको बैठकले निर्णय गरे बमोजिम आठौं बार्षिक साधारण सभा सम्बन्धी सूचना कम्पनी ऐन, २०६३ को दफा ६७(२), ७७(३) र दफा ८४(४), तथा बैंकको नियमावलीको नियम ४(३) बमोजिम २१ दिन अगावै मिति २०६३/०८/१० गतेको नेपाल समाचारपत्र दैनिकमा र मिति २०६३/०९/०२ गतेको कान्तिपुर दैनिकमा गरि २ पटक प्रकाशित गरिएको जानकारी कम्पनी सचिवद्वारा दिईयो ।

(ख) आठौं वार्षिक साधारण सभाको बैठक बस्ने बारेको सूचना, साधारण सभा सम्बन्धी सामान्य जानकारीहरु, सञ्चालक समितिको प्रतिवेदन र लेखापरीक्षकको प्रतिवेदन लगायत आवश्यक विवरण, बासलात, नाफा - नोक्सान हिसाब र सोको अनुसूचीहरु, नगद प्रवाह विवरण र बैंक व्यवस्थापन समूह समेत समाबेश भएको बैंकको आठौं बार्षिक प्रतिवेदनको पुस्तिका सम्बन्धित शेयरधनीहरुको बैंकमा उपलब्ध व्यक्तिगत ठेगानामा पठाइएको कुरा कम्पनी सचिवले जानकारी दिनु भयो ।

(ग) साधारण सभामा पर्यवेक्षकको रुपमा उपस्थित भई दिनका लागि नेपाल राष्ट्र बैंक, केन्द्रिय कार्यालय तथा प्रतिनिधिको रुपमा उपस्थित भई दिनका लागि श्री कम्पनी रजिष्ट्रारको कार्यालय, श्री धितोपत्र बोर्ड र श्री धितोपत्र बिनिमय बजार लिमिटेडलाई अनुरोध गरि पत्र पठाईएको कुरा कम्पनी सचिवले जानकारी दिनु भयो ।

(घ) साधारण सभामा उपस्थित भै दिनको लागि लेखापरीक्षक श्री पुष्पलाल श्रेष्ठ, चार्टर्ड एकाउन्टेन्टलाई समेत अनुरोध गरिएको जानकारी गराईयो ।

## ४. सभामा प्रस्तुत छलफलको बिषय सूची :

१. संचालक समितिको बार्षिक प्रतिवेदन २०६२/६३ पारित गर्ने ।

२. लेखापरीक्षकको प्रतिवेदन सहित २०६३ आषाढ मसान्तको वासलात तथा मिति २०६२/४/१ देखि २०६३/३/३२ सम्मको नाफा नोक्सान हिसाव र सोही अवधिको नगद प्रवाह विवरण माथि छलफल गरी पारित गर्ने ।

३. लेखापरीक्षण समितिको सिफाारिस अनुसार आर्थिक बर्ष २०६३/६४ को लागि लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने । (हाल बहालबाला लेखापरीक्षक श्री पुष्पलाल श्रेष्ठ, चार्टर्ड एकाउन्टेन्ट पुनः नियुक्त हुन सक्नु हुनेछ । )

४. संस्थापक शेयरधनीहरुको तर्फबाट प्रतिनिधित्व गर्ने ५ जना संचालकहरुको निर्वाचन सम्बन्धमा ।

५. बिशेष प्रस्तावहरु :

क) संचालक समितिले सिफारिस गरे बमोजिम बोनस शेयर सम्बन्धी प्रस्ताव पारित गर्ने ।

ख) बैंकको प्रबन्धपत्र तथा नियमावलीमा नेपाल राष्ट्र बैंकले निर्देशन गरे अनुसार भएका थपघटलाई सातौं बार्षिक साधारण सभाले प्रदान गरेको अख्तियारी अनुरुप संचालक समितिले गरेको संशोधनहरुलाई अनुमोदन गर्ने र ठाउँ ठाउँमा रहेको “श्री ५ को सरकार” भन्ने शब्दहरुको सट्टामा “नेपाल सरकार” भन्ने शब्दहरुमा रुपान्तरण गरी संशोधन गर्ने ।

६. बिविध ।

## ५. सभामा उपस्थिति (कम्पनी ऐन, २०६३ को दफा ६८ बमोजिम) :

क) संचालकहरुको उपस्थिति :

(१) श्री सूर्य बहादुर के.सी.

(२) श्रीमती गीता श्रेष्ठ

(३) श्रीमती प्रेम कुमारी के.सी.

(४) श्री आनन्द राज वतास

(५) श्री प्राणेश्वर पोखरेल

(६) श्री प्रकाश बहादुर श्रेष्ठ

(७) श्री प्रकाश के.सी.

ख) आमन्त्रितहरुको उपस्थिति :

(१) श्री योगेन्द्र प्रसाद श्रेष्ठ, सदस्य - लेखापरीक्षण समिति ।
(२) श्री पुष्पलाल श्रेष्ठ, चार्टर्ड एकाउण्टेन्ट - लेखापरीक्षक ।
(३) श्री चन्द्र मोहन गौचन - संस्थापक शेयरधनी तथा भुतपूर्व अध्यक्ष ।
(४) श्री कृष्ण बहादुर थापा - निर्वाचन अधिकृत ।

ग) पदाधिकारीहरुको उपस्थिति :

(१) श्री भाईकाजी श्रेष्ठ : प्रमुख कार्यकारी अधिकृत
(२) श्री बिजय बहादुर श्रेष्ठ : नायव महाप्रबन्धक
(३) श्री पृथ्वी श्रेष्ठ : प्रबन्धक, कर्जा बिभाग तथा कम्पनी सचिव
(४) श्री अर्जुन थापा : प्रबन्धक, प्रधान कार्यालय, पोखरा
(५) श्री अनिल जोशी : प्रमुख, सूचना तथा प्रविधि बिभाग
(६) श्री बिनोद कुमार सिंह : प्रमुख, प्रशासन तथा मानव संशाधन बिकास बिभाग
(७) श्री गोबिन्द प्रसाद शर्मा : प्रमुख, वित्त तथा योजना बिभाग
(८) श्री दिपेन्द्र श्रेष्ठ : प्रमुख, आन्तरीक लेखापरीक्षण बिभाग

घ) शेयरधनीहरुको उपस्थिति :

(१) बिक्री भएको शेयर (संख्यामा): ७१,५०,०००
(२) कूल शेयरधानी संख्या : ११,०५५
(३) स्वयं उपस्थित ३०० जना शेयरधनीबाट प्रतिनिधित्व भएको शेयर संख्या : ४७,९३,९४२
(४) प्रतिनिधिद्वारा १२० जना शेयरधनीको प्रतिनिधित्व भएको शेयर संख्या : ४८९,९१३
(५) जम्मा उपस्थित शेयरधनी संख्या : ४२० जना
(६) जम्मा उपस्थित शेयरधनीद्वारा प्रतिनिधित्व भएको शेयर संख्या : ५,२८३,८५५
(७) जम्मा शेयर संख्याको प्रतिनिधित्व (प्रतिशतमा) : ७३.९० प्रतिशत

**६. सभाको गणपुरक संख्या :**

| कुल शेयर संख्या | कुल शेयरधनी | स्वयं उपस्थित शेयरधनी संख्या | जम्मा उपस्थित शेयरधनी संख्या | कुल उपस्थित प्रतिशत |
|---|---|---|---|---|
| ७१,५०,००० | ११,०५५ | ३०० | ४२० | ७३.९० |

सभामा उपस्थित सबै शेयरधनी महानुभावहरु मतदान गर्न योग्य थिए ।

**७. सभाको वैधानिकता :**

क) साधारण सभा शुरु हुनु अघि सभामा उपस्थित शेयरधनीहरु लगायत सम्पूर्ण महानुभावहरुलाई कम्पनी सचिवले बैंक तथा आफ्नो तर्फबाट स्वागत अभिवादन गर्दै कम्पनी ऐन, २०६३ र बैंकको नियमावली तथा प्रचलित कानुन बमोजिम बैंकको आठौं बार्षिक साधारण सभा बोलाईएको जानकारी गराउनु भयो ।

ख) सभा संचालनका लागि कम्पनी ऐन, २०६३ को दफा ७३ र यस बैंकको नियमावलीको नियम ५ बमोजिम साधारण सभाको लागि आवश्यक गणपुरक संख्या पुगेको र प्रचलित ऐन कानुन बमोजिम सभा बैधानिक रहेको जानकारी कम्पनी सचिवले सभामा दिनु भयो ।

ग) तत्पश्चात, कम्पनी ऐन, २०६३ को दफा ६७ (२) अनुसार आवश्यक सूचनाहरु पठाईएको र गणपुरक संख्या पनि पुगेको हुँदा सभा रीतपूर्वक बोलाईएकोले सभा गर्न मन्जूर गर्दै पूर्व सूचित सभाको निर्धारित बिषय सूची उपर छलफल गर्न मन्जूर गरियो ।

**८. सभाको सभापतित्व र सभा संचालन :**

सभाको बैधानिकता एकिन भए पछि कम्पनी ऐन, २०६३ को दफा ७४(१) र बैंकको नियमावलीको नियम ६(१) बमोजिम बैंकको सञ्चालक समितिका अध्यक्ष श्री सूर्य बहादुर के.सी.ज्यूलाई बैंकको यस आठौं बार्षिक साधारण सभाको सभापतित्व गरिदिनु हुन कम्पनी सचिवले आग्रह गर्नु भयो । र, बैंकको सञ्चालक समितिका अध्यक्षज्यूले सभाको सभापतित्व गर्नु भयो ।

**९. सभा संचालन र संचालक समितिको तर्फबाट अध्यक्षको प्रतिवेदनको प्रस्तुति :**

९.१ संचालक समितिका अध्यक्षज्यूले बैंकको यस आठौं बार्षिक साधारण सभामा उपस्थित भै सभाको सभापतित्व गर्न पाएकोमा खुशी ब्यक्त गर्नु भयो र उपस्थित शेयरधनी तथा अन्य सम्पूर्ण महानुभावहरुलाई हार्दिक स्वागत अभिवादन गर्नु भयो । त्यस पछि सभापतिज्यूले सभाको कार्यक्रम अघि बढाउने क्रममा बैंकको संचालक समितिको तर्फबाट अध्यक्षको बार्षिक प्रतिवेदन २०६२/६३ साधारण सभा समक्ष प्रस्तुत गर्नुभयो ।

९.२ सभा समक्ष अध्यक्षको प्रतिवेदन प्रस्तुत भए पछि सभापतिज्यूले लेखापरीक्षकको प्रतिवेदन सहितको २०६३ आषाढ मसान्तसम्मको बासलात र आर्थिक बर्ष २०६२/६३ को नाफा नोक्सान हिसाब तथा नगद प्रवाह बिवरण छलफल गरी पारित गर्न सभा समक्ष प्रस्तुत गर्नुभयो ।

## १०. छलफलको लागि आव्हान :

१०.१ साधारण सभामा शेयरधनीहरुले निर्धारित बिषय सूचि उपर छलफल गर्न सक्ने कम्पनी ऐन, २०६३ को दफा ७४ मा ब्यवस्था भए अनुरुप सभापतिद्वारा प्रस्तुत बार्षिक प्रतिवेदन, वासलात, नाफा नोक्सान हिसाब तथा नगद प्रवाह बिवरण समेतमा छलफलको लागि मन्तब्य, बिचार, जिज्ञासा तथा सुझाब राख्न चाहने शेयरधनी महानुभावहरुलाई सभापतिज्यूले अनुरोध गर्नुभयो ।

१०.२ छलफलमा सहभागी हुने शेयरधनीहरु :

छलफलका लागि सभापतिज्यूले आमन्त्रण गर्नु भए अनुसार सभामा सात जना शेयरधनीहरुले बैंकको काम कारबाही, बार्षिक हरहिसाब तथा बार्षिक प्रतिवेदन सम्बन्धमा आफ्नो मन्तब्य, जिज्ञासा एवं सुझावहरु राख्नु भयो । वक्ता शेयरधनीहरुको नामावली निम्नानुसार रहेको छ :-

१. श्री अमर तुलाचन
२. श्री रमेश बहादुर भारी
३. श्री शैलेस भासू
४. श्री रमेश बास्तोला
५. श्री रुद्रनाथ पौडेल
६. श्री पशुपति श्रेष्ठ
७. धर्मराज
८. श्री युक्त बहादुर सुबेदी
९. श्री दिपेन्द्र बहादुर थापा क्षेत्री

## ११. शेयरधनीहरुबाट ब्यक्त गरिएका मन्तब्यको संक्षिप्त विवरण :

छलफलको क्रममा सहभागि हुने शेयरधनी महानुभावले पेश गर्नु भएको मन्तव्यको मुख्य मुख्य बुँदाहरुको साराँश देहाय बमोजिम प्रस्तुत गरिएको छ ।

### ११.१ श्री अमर तुलाचन :

क) बैंकले आजसम्म आर्जन गरेको सफलताको लागि बैंक संचालकहरुलाई धन्यबाद ज्ञापन ।

ख) बैंकको निक्षेप रु. ७८९ करोड र कर्जा लगानी रु. ६१५ करोड रहेको देखिन्छ । फरक रकम रु. १७५ करोड तरलता रहेको देखिन्छ । चुक्ता पूँजी रु. ७१.५० करोड मात्र रहेको बैंकमा रु. १७५ करोड तरलता रहनु भनेको बैंकको लागि बढि हो र यो फाईदाजनक होईन भन्ने सुझाब ।

ग) बैंकको कर्जा लगानी शैक्षिक कर्जा, आवास कर्जा, गाडि कर्जा आदि जस्ता अनुत्पादक क्षेत्रमा बढि भए जस्तो लाग्यो भन्ने बिचार ब्यक्त ।

घ) बार्षिक प्रतिवेदन समयमा आईपुगेन । पत्रपत्रिका मार्फत सूचना पाएको भए प्रतिबेदन लिन हामी आफै बैंकमा नै आउने थियौं भन्ने बिचार ब्यक्त ।

ङ) अध्यक्षज्यूको प्रतिवेदनमा बैंकको कर्पोरेट कार्यालयकोलागि थापाथलीमा जग्गा किनेको भन्ने जानकारी भयो । तर सो कुरा बार्षिक प्रतिवेदनमा समावेश भएको पाईएन । शायद सो जग्गा खरिद २०६३ असार पछि भएर यो प्रतिवेदनमा नपरेको होला भन्ने बिचार ब्यक्त ।

च) बैंकले गत बर्षको साधारण सभाले पारित गरे बमोजिम जारी गरेको हकप्रद शेयर कतिपय शेयरधनीले लिन छुटेको भनेका छन् तर बैंकको वासलातमा भने सम्पूर्ण हकप्रद शेयर खरिद भएको भनेर देखिन्छ, कसरी त्यसो भएको हो भन्ने जिज्ञासा ब्यक्त ।

छ) बोनस शेयर बितरण गर्दा बट्टा (Fraction) मा आएकोलाई कसरी भुक्तानी दिने हो ? अन्य बैंकले अर्को बर्ष बोनस शेयर दिंदा मिलान गरेको पनि पाईन्छ, यस बैंकले पनि त्यसै गर्न सुझाव ।

ज) बैंकले शेयरधनीको लागि रु. ५००/- मा खाता खोल्ने साथै अन्य सुबिधाहरु पनि दिने ब्यबस्था गरेको धेरै राम्रो लागेको बिचार ब्यक्त ।

झ) बैंकले अष्ट्रेलियामा पनि आफ्नो कारोबारको दायरा बढाएकोमा खुशी ब्यक्त ।

ञ) वासलातको अनुसूची १५ अन्तर्गत गैन्ह बैंकिङ्ग सम्पत्ति सम्बन्धी बिबरणमा उल्लेखित पार्टीहरुलाई कर्जा दिंदा धितो लिएको नै होला, अनुसूचीमा त सम्पत्ति घट्न गएको देखिन्छ, यो राम्रो संकेत होईन भन्ने बिचार ब्यक्त ।

**११.२ श्री रमेश बहादुर भारी :**

क) वासलातको अनुसूची २४ अन्तर्गत बुँदा नं. १३ मा उल्लेखित संचालक समिति सम्बन्धी खर्च गत बर्ष भन्दा धेरै भएको देखिन्छ । त्यस्तै, बुँदा नं. २६ मा उल्लेखित अन्य समिति सम्बन्धी खर्च के हो ? अन्य समिति भन्नाले कुन कुन समिति पर्छ ? सातौं बार्षिक प्रतिबेदनमा यो खर्च शीर्षक थिएन, के हो स्पष्ट भएन भन्ने जिज्ञासा ब्यक्त ।

ख) वासलातको अनुसूची १२ (क) अन्तर्गत उल्लेखित हिमालयन डिष्टिलरी लिमिटेडमा गरेको लगानीको बजार मूल्य परल मूल्य भन्दा ६ प्रतिशतले कम भएको देखिन्छ । यस लगानीलाई बिक्री गरी आएको पैसा प्रतिफल दिने कर्जामा लगानी गर्नु उपयुक्त हुने सुझाव ।

ग) वासलातको अनुसूची १५ अन्तर्गत उल्लेखित गैह्र बैंकिग सम्पत्तिको बिबरणमा खुद गैह्र बैंकिग सम्पत्ति कुल गैह्र बैंकिग सम्पत्ति भन्दा रु. ६१ लाखले घटेको देखाईएको छ, कस्तो धितो लिएर कसरी कर्जा प्रवाह भएको थियो भन्ने जिज्ञासाब्यक्त ।

**११.३ श्री शैलेस भासू, दमौली :**

क) बैंकको दमौली शाखाले भारतीय रुपैयाँको कारोबार गर्दैन, बिदेशी मुद्रा सटहीमा भारतीय रुपैयाँ पर्दैन कि के हो भन्ने जिज्ञासा ।

**११.४ श्री रमेश बास्तोला :**

क) बैंकले गत आर्थिक बर्षमा रु. १३ करोड ४० लाख मुनाफा कमाउन सफल हुनुमा बैंकका संचालक र कर्मचारीहरुको योगदान रहेको हुन्छ । वहाँहरुलाई हामी सबै शेयरधनीहरुको तर्फबाट धन्यबाद ब्यक्त । साथै, बैंक सँधै नाफामा जाओस् भन्ने शुभकामना ब्यक्त ।

ख) बैंकमा लगानी गरेको ६ बर्ष भयो, शेयरको भाउ त बढेको छ तर शेयरधनीको हातमा अहिलेसम्म केही परेन । यस बैंकको शेयरमा लगानी गरेको पैसा बैंकमा मुद्दतिमा राखेको भए पनि ६ बर्षमा दोब्बर हुने थियो तर बैंकबाट नगद लाभांश अझसम्म पाउन सकिएन भन्ने बिचार ब्यक्त ।

ग) बोनस शेयर बितरण गर्दा बट्टा (Fraction) मा आएकोलाई नगद भुक्तानी दिने नियम हुनु नहुने हो । त्यसले गर्दा बजारमूल्यको तुलनामा शेयरधनीले पाउने प्रतिफल कम हुने बिचार ब्यक्त ।

**११.५ श्री रुद्रनाथ पौडेल :**

क) बैंकको चालु आठौं साधारण सभाको सफलताको कामना ।

ख) बार्षिक प्रतिवेदन समयमा नै शेयरधनीको घरमा पुग्नु पर्नेमा नपुगेको जानकारी र गुनासो ब्यक्त । आगामी दिनमा शेयरधनीहरुकोमा समयमा नै सूचना पुऱ्याउन ध्यान दिन सुझाव ।

ग) वासलातको अनुसूची २४ अन्तर्गत बुँदा नं. १३ र २६ मा उल्लेखित बुदाहरुमा उल्लेखित भत्ता रकम भन्दा अन्य खर्च बढि देखिन्छ, दोहोरो परेको हो कि के भएको हो ? त्यस्तै, बुँदा नं. १५ मा पनि लेखापरीक्षण शूल्क भन्दा अन्य खर्च बढि रहेको सम्बन्धमा जिज्ञासा ब्यक्त ।

घ) बैंकले जत्ति बढि लाभांश दिन सक्यो उत्ति बैंकको छवी राम्रो हुने विचार ब्यक्त ।

**११.५ श्री पशुपति श्रेष्ठ :**

क) बैंकले गत २ बर्षहरुको निक्षेप संकलन र कर्जा लगानीमा हासिल गरेको बृद्धि प्रशंसायोग्य छ । यो उपलब्धीले संचालक समितिको राम्रो नीति निर्देशनलाई ब्यबस्थापनले कुशलतापुर्वक कार्यान्यन गरेको दर्शाउँछ र आगामी दिनमा पनि यस्तो बृद्धि कायम नै रहेर बैंक राम्रोसंग अगाडि बढ्ने छ भन्ने आशाका साथै शुभकामना ब्यक्त ।

ख) प्रस्तावित बोनस शेयर दिने संचालक समितिको निर्णय धेरै राम्रो लागेको र आगामी दिनमा पनि बोनस शेयर तथा नगद लाभाँश दिई रहन सफलता मिलोस् भन्ने शुभकामना ब्यक्त ।

ग) वासलातको अनुसूची १२(क) अन्तर्गत रहेको शेयर, डिवेन्चर तथा वण्डमा बैंकको शुरुको लगानी नै फाईदाजनक हुन नसकेकोले त्यसपछि अरु कुनै संस्थाको शेयर तथा डेवेन्चरमा लगानी नगरेको जस्तो देखिन्छ । बैंकसंग तरलता पनि रहेकोले अन्य नाफामूलक संस्थाको शेयर तथा डेवेन्चरमा लगानी गरे बैंकको लगानीमा बिबिधिकरण हुने भएकोले त्यस तर्फ ध्यान दिन सुझाव ।

घ) वासलातको अनुसूची २८ र २८ (क) मा उल्लेखित अपलेखन गरिएको रकमको योग अंकमा सानो फरक देखिन्छ त्यो छपाईको गल्ती पनि हुन सक्छ । तथापि आउँदा दिनमा शुद्धाशुद्धिमा पनि ध्यान दिन सकिए राम्रो हुने थियो भन्ने सुझाव ।

ङ) वासलातको अनुसूची २८ (क) मा उल्लेखित अपलेखन गरिएको कर्जा सम्बन्धमा कस्ता कर्जालाई अपलेखन गरिएको हो र अपलेखन गरिएका कर्जाहरु स्विकृत गर्ने अधिकारीको त नाम आयो तर सो कर्जा स्विकृत गर्न धितो मूल्याँकन गर्ने मूल्याँकन कर्ताको समबन्धमा के कस्तो पुरस्कार वा सजाय गरियो सो को समेत जानकारी पाउन पाए हुन्थ्यो भन्ने जिज्ञाशा ब्यक्त ।

११.६ **श्री धर्मराज** (लिखित रुपमा जिज्ञासा राख्नु भएको) :

क) सन्ध्याकालिन बैंकिग सेवा र बिना शुल्क बिभिन्न शाखाहरुबाट कारोबार गर्ने कार्यले यो बैक लोकप्रय भएको जस्तो लाग्छ । कतिवटा शाखाबाट सन्ध्याकालिन बैंकिग सेवा दिईन्छ ? बिहानी बैंकिग सेवा दिन के कति कठिनाई छ ?

११.७ **श्री युक्त बहादुर सुबेदी** (लिखित रुपमा जिज्ञासा राख्नु भएको) :

क) बिशेष गरी महेन्द्रपुल शाखामा कुन बार हो, साँझ वा शनिवारको दिनमा बैंक कर्मचारीहरु आउट ड्रेसमा रहनु हुन्छ, यत्रो ख्याति प्राप्त बैंकको कारोबार गर्ने कर्मचारी आउट ड्रेसमा देख्दा साहै नराम्रो लाग्यो, यस बारे केही सुधार हुन्थ्यो कि ?

११.८ **श्री दिपेन्द्र बहादुर थापा क्षेत्री** (लिखित रुपमा जिज्ञासा राख्नु भएको) :

क) शेयरधनी खाता सम्बन्धमा पहिले नै खोली सकेको बचत खातालाई शेयरधनी खातामा परिबर्तन गरि दिन र खाता बन्द गर्दा दस्तुर नलाग्ने ब्यबस्था गर्न अनुरोध ।

१२.	**सभापतिज्यूले दिनु भएको जवाफहरु :**

छलफलको क्रममा सहभागि शेयरधनी महानुभावको मन्तब्य, जिज्ञासा तथा सुझावहरु सम्बन्धमा सभाका सभापतिज्यूले दिनु भएको जवाफ तथा प्रष्टिकरणहरुलाई सारांशमा निम्न बमोजिम प्रस्तुत गरिएको छ ।

(क)	शेयरधनी महानुभावहरुले छलफलमा भाग लिनु भै जिज्ञासा तथा गहकिलो सुझावहरु प्रस्तुत गरिदिनु भएकोमा सभापतिज्यूले धन्यबाद ब्यक्त गर्नु भयो ।

(ख)	चालु आर्थिक बर्षको कार्तिक महिनामा बैंकले कर्पोरेट कार्यालयको लागि करिब ९ करोडमा थापाथली, काठमाण्डौंमा २ रोपनी ८ आना जग्गा किनेको जानकारी ।

(ग)	बैंकले जारी गरेको हकप्रद शेयर सम्बन्धमा शेयरधनीहरुलाई हकप्रद शेयर सम्बन्धी जानकारीको लागि राष्ट्रिय स्तरको पत्रपत्रिकाहरु र पोखराको स्थानीय पत्रपत्रिकाहरुमा पटकपटक सूचना प्रकाशित गरि हकप्रद शेयर आवेदन गर्न शेयरधनीहरुलाई अनुरोध गएिको र त्यसरी पुन: अनुरोध गर्दा पनि आवेदन नपरी बाँकी रहन आएको हकप्रद शेयर तत्काल बिद्यमान ऐन कानून बमोजिम बैंकमा कार्यरत कर्मचारीहरुलाई दामासाहीले बितरण गरिएको जानकारी ।

(घ)	बैंकमा रहेको तरलता सम्बन्धमा बैंकको निक्षेपको ५ प्रतिशत नेपाल राष्ट्र बैंकमा आनिवार्य तरलता राख्नु पर्ने हुन्छ र अरु रकम नेपाल राष्ट्र बैंकको ट्रेजरी बिलमा भएको लगानी, अन्य बैंक तथा बित्तीय संस्थामा गरिएको अल्पकालिन लगानी आदि हुन् र केही रकम दैनिक कारोबारको सिलसिलामा तरल रुपमा रहने हुन्छ । त्यसैले रु. १७५ करोड नै अनुत्पादक रुपमा रहेको रकम हैन र अधिक तरलता लाभदायक हुदैन भन्नेमा बैंक सजग रहेको छ भन्ने जानकारी ।

ङ)	बैंकमा रहेको अन्य समितिमा लेखापरीक्षण समिति, कर्जा समिति, पदपूर्ति समिति, आदि पर्दछन् र सो समिति सम्बन्धी खर्चहरु अन्य समिति अन्तर्गत खर्च लेखिएको छ । त्यसैगरी अन्य खर्च भन्नाले समितिको बैंठकमा उपस्थित हुँदा दिईने बैंठक भत्ता बाहेकका यातायात खर्च, दैनिक भ्रमण भत्ता खर्च जस्ता सम्पूर्ण खर्चहरु पर्दछन् । साथै, बैंकको साधारण सभाबाट पारित भए बमोजिम बाहेक संचालकहरुले अन्य कुनै सुबिधा लिएका छैनन् भन्ने जानकारी ।

च)	बैंकको दमौली शाखाले भा.रु. १,०००/- र भा.रु. ५००/- को नोट बाहेकका अरु भारतीय रुपैयाँको कारोबार गर्छ भन्ने जानकारी ।

छ)	बार्षिक प्रतिवेदन समयमा आई पुगेन भन्ने शेयरधनीहरुको गुनासो प्रति दु:ख ब्यक्त । बार्षिक साधारण सभा सम्बन्धी सूचना राष्ट्रिय तथा पोखराको स्थानीय पत्रपत्रिकामा पटक पटका प्रकाशित गरिएको र यदि कुनै शेयरधनी महानुभावले कुनै कारणले प्रतिवेदन नपाउनु भएमा बैंकको शाखा कार्यालयहरुमा सम्पर्क राखि लिन सकिने समेत

व्यबस्था गरिएको सूचनाहरु प्रकाशित गरिएको जानकारी । साथै, आगामी बर्ष अझ सजग हुने जानकारीका साथै यदि कुनै शेयरधनी महानुभावको ठेगाना परिवर्तन भएको भए साधारणसभा भन्दा अगावै बैंकमा जानकारी गराउन अनुरोध ।

ज) बोनस शेयर बितरण गर्दा बट्टा (Fraction) मा आएकोलाई नगदै दिने व्यबस्था गरिएको जानकारी गराईयो । साथै, आगामी बर्षहरुमा बोनस शेयर बितरण गर्दा बट्टा (Fraction) मा आएकोलाई शेयरधनी महानुभावहरुको सुझाव बमोजिम गर्ने जमर्को गरिने छ भन्ने आश्वासन ब्यक्त ।

झ) नेपाल राष्ट्र बैंकको निर्देशन अनुसार ५ बर्ष भाखा नाघेको वा सतप्रतिशत कर्जा नोक्सान ब्यबस्था गरेको रकमहरुलाई अनिवार्य रुपमा अपलेखन गर्नु पर्ने बाध्यता भएकोले त्यस्ता कर्जाहरुलाई किताबी अपलेखन (Book write-off) गरिएको र त्यस्ता कर्जाहरुको असूली प्रक्रिया जारी नै रहेको जानकारी । साथै, उक्त अनुसूचीमा उल्लेखित कर्जाहरुमा बिना धितो बिपन्न बर्गलाई दिएको कर्जाहरु समेत समाबेश रहेको जानकारी गराईयो ।

ञ) लेखापरीक्षण शूल्क भन्दा अन्य खर्च बढि रहेको भन्ने सम्बन्धमा लेखापरीक्षण शूल्क साधारण सभाबाट तोकिए बमोजिम देखाईएको तर अन्य खर्चमा कर लेखापरीक्षण शूल्क, लङ्गफर्म प्रतिवेदन शूल्क, कम्पनी ऐनको दफा ७८ अनुसारको प्रतिवेदन शूल्क तथा बैंकको शाखाहरु लेखापरीक्षण गर्ने सिलसिलामा भएको भ्रमण तथा दैनिक भत्ता खर्च समावेश रहेकोले लेखापरीक्षण शूल्क भन्दा अन्य खर्च बढि देखिन गएको जानकारी ।

ट) बैंकले शेयर, डिवेन्चर तथा वण्डमा लगानी गर्दा सूचीकृत कम्पनीको शेयरमा मात्र लगानी गर्न पाउने तर बैंक तथा बित्तीय संस्थाको शेयरमा लगानी गर्न नपाउने र बैंक तथा बित्तीय संस्थाको शेयरको तुलनामा अन्य कम्पनीको शेयरको प्रतिफल उत्साहजनक नपाईएकोले यस्तो लगानीमा बैंकले जोड दिन नसकेको जानकारी र शेयरधनी महानुभावमा त्यस्तो कुनै राम्रो प्रतिफल आउने कम्पनीमा लगानी गर्ने अवसर भए प्रस्ताव लिएर आउन अनुरोध ।

ठ) हाल बैंकको काठमाण्डौंमा नयाँ सडक र पुतलीसडक स्थित शाखाहरु, पोखरामा महेन्द्रपुल शाखा र बिरगंज शाखाबाट सन्ध्याकालिन बैंकिग सेवा दिईदै आएको र बैंकले बिहानी बैंकिग सेवा प्रदान नगरेको तर ग्राहकहरुले अधिकतम सुबिधा पाउन सकुन् भन्ने उद्देश्यले उपरोक्त शाखाहरुबाट नै ३६५ दिन नै बैंकिग सेवा उपलब्ध गराईएको जानकारी ।

ड) पहिले नै खोली सकेको बचत खातालाई शेयरधनी खातामा परिबर्तन गर्न सकिने र शेयरधनी खाता बन्द गर्दा दस्तुर नलाग्ने ब्यबस्था हुने जानकारी ।

ढ)	बैंक कर्मचारीहरु आउट ड्रेसमा रहेको भन्ने सम्बन्धमा हप्ताको ५ दिन बैंकको ड्रेसमा र शुक्रबार एक दिन आफू खुसी ड्रेसमा आउन पाउने व्यबस्था रहेको छ । यस सम्बन्धमा आवश्यक्ता अनुसार नीति निर्माण गरि लागू गरिने आश्वासन ।

ण)	बैंकमा कर्मचारी भर्ना सम्बन्धमा एक पदपूर्ति समिति रहेको र सो समितिले नेपाल राष्ट्र बैंकबाट स्वीकृत बैंकको कर्मचारी सेवा, सुबिधा तथा शर्त सम्बन्धी बिनियमावलीमा भएको व्यबस्थाको अधिनमा रही कर्मचारी छनौट तथा भर्ना गर्ने गरेको जानकारी ।

## १३. सभाका प्रस्ताव एवं निर्णयहरु :

सभापतिज्यूले जवाफ दिने क्रम सकिए पछि छलफलको बिषय सूचीमा उल्लेखित प्रस्तावहरु सभाद्वारा पारित गर्नको लागि प्रस्तुत गरिएकोमा देहायका प्रस्तावहरुमा देहाय बमोजिम निर्णय भयो ।

### १३.१ संचालक समितिको बार्षिक प्रतिवेदन २०६२/६३ पारित गर्ने ।

सभाको निर्धारित बिषय सूची नं. १ मा रहेको आठौं बार्षिक साधारण सभामा संचालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नु भएको बार्षिक प्रतिवेदन २०६२/६३ उपर विस्तृत छलफल भै सकेकोले पारित गरि दिन सभापतिज्यूले प्रस्ताव गर्नु भएकोमा सो प्रस्ताव सर्वसम्मतिबाट पारित भयो ।

### १३.२ लेखापरीक्षकको प्रतिवेदन सहित २०६३ आषाढ मसान्तको वासलात तथा मिति २०६२/४/१ देखि २०६३/३/३२ सम्मको नाफा नोक्सान हिसाव र सोही अवधिको नगद प्रवाह विवरण माथि छलफल गरी पारित गर्ने ।

सभाको निर्धारित बिषय सूची नं. २ मा रहेको लेखापरीक्षकको प्रतिवेदन सहित २०६३ आषाढ ३२ गतेको बासलात, आ.व. २०६२/६३ को नाफा नोक्सान हिसाब तथा सोहि अवधिको नगद प्रवाह बिवरण र सो को अनुसूचीहरु समेत उपर बिस्तृत छलफल भै सकेकोले पारित गरि दिन सभापतिज्यूले प्रस्ताव गर्नु भएकोमा सो प्रस्ताव सर्वसम्मतिबाट पारित भयो ।

### १३.३ आ. ब. २०६३/६४ को लागि लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रामिक निर्धारण गर्ने ।

सभाको निर्धारित बिषय सूची नं. ३ मा रहेको आर्थिक बर्ष २०६३/६४ को लागि लेखापरीक्षकको नियुक्ति अनुमोदन गरिदिन र पारिश्रामिक निर्धारण गरि दिन सभापतिज्यूले सभा समक्ष आग्रह गर्नु भयो । साथै, वहाँले बैंकको वर्तमान लेखापरीक्षक श्री पुष्पलाल श्रेष्ठ, चार्टर्ड एकाउण्टेन्ट, पि.एल. श्रेष्ठ एण्ड कम्पनी, चार्टड एकाउन्टेन्ट्स्, कम्पनी ऐन २०६३ को दफा १११(३) बमोजिम पुनः नियुक्त हुन योग्य रहनु भएको ब्यहोरा पनि सभालाई जानकारी गराउनु भयो ।

साथै, निजलाई गत आर्थिक बर्षमा लेखापरीक्षण शुल्क वापत रु. ७५,०००/- (कर बाहेक) पारिश्रमिक प्रदान गरिएको र यस आर्थिक बर्षमा बैंकको शाखाहरुको संख्या र काम कारबाहीमा पनि बृद्धि भएकोले लेखापरीक्षण शुल्कमा केही बृद्धि गर्नु मनासिव हुने ब्यहोरा पनि शेयरधनी महानुभावहरुलाई अनुरोध गर्नु भयो ।

आ.व. २०६३/६४ को बैंकको हरहिसाब लेखापरीक्षण गर्न कम्पनी ऐन, २०६३ को दफा १६५ को उपदफा १(घ) बमोजिम बैंकको लेखापरीक्षण समितिले लेखापरीक्षकको नाम र पारिश्रमिक निर्धारण गरी अनुमोदनको लागि साधारण सभामा पेश गर्नु पर्ने हुनाले आ.व. २०६३/६४ को बैंकको हरहिसाब लेखापरीक्षण गर्न लेखापरीक्षण समितिले सिफारिस गरेको लेखापरीक्षकको नाम र पारिश्रमिक सभा समक्ष अनुमोदनको लागि प्रस्तुत गरिदिन हुन लेखापरीक्षण समितिका संयोजक तथा बैंकका संचालक श्री प्राणेश्वर पोखरेलज्यूलाई सभापतिज्यूले अनुरोध गर्नु भयो र सो प्रस्तावलाई अनुमोदन गरिदिनु हुन समेत सभालाई आग्रह गर्नु भयो ।

बैंकको लेखापरीक्षण समितिका संयोजक तथा बैंकका संचालक श्री प्राणेश्वर पोखरेलज्यूले लेखापरीक्षण समितिको मिति २०६३ मंसिर १ गते बसेको २५औं बैठकको निर्णय बमोजिम बैंकको आ.व. २०६३/६४ को हरहिसाब लेखापरीक्षण गर्न लेखापरीक्षक श्री पुष्पलाल श्रेष्ठ, चार्टर्ड एकाउण्टेण्ट, पि.एल. श्रेष्ठ एण्ड कम्पनीलाई नै पुनः नियुक्त गर्ने सिफारिस गरिएको कुरा सभालाई जानकारी गराउनु भयो । साथै, बैंकको शाखाहरुको संख्या र कारोबारको परिमाणमा समेत निकै बृद्धि भएकोले लेखापरीक्षण शुल्क वापत रु. ८५,०००/- (मूल्य अभिबृद्धि कर बाहेक) पारिश्रमिक प्रदान गर्ने प्रस्ताव गरियो ।

सभाले प्रस्तुत प्रस्ताव बमोजिम नै गर्ने गरी बैंकको आ.व. २०६३/६४ को हरहिसाब लेखापरीक्षण गर्न लेखापरीक्षक श्री पुष्पलाल श्रेष्ठ, चार्टर्ड एकाउण्टेन्ट, पि.एल. श्रेष्ठ एण्ड कम्पनी लाई नै पुनः नियुक्त गर्ने र निजलाई आर्थिक बर्ष २०६३/६४ मा लेखापरीक्षण शुल्क वापत रु. ८५,०००/- (मूल्य अभिबृद्धि कर बाहेक) पारिश्रमिक प्रदान गर्ने प्रस्ताव सर्वसम्मतिबाट पारित भयो ।

त्यसपछि सभाका सभापतिज्यूले सभाको निर्धारित बिषय सूची नं. ४ मा उल्लेखित संस्थापक शेयरधनीहरुको तर्फबाट प्रतिनिधित्व गर्ने ५ जना संचालकहरुको निर्वाचन सम्बन्धी प्रस्तावको सम्बन्धमा बिषय सूची नं. ५ मा उल्लेखित बिशेष प्रस्तावहरु पछि निर्वाचन अधिकृतले सभा समक्ष प्रस्तुत गर्नु हुने जानकारी गराउनु भयो ।

**१३.४ बिशेष प्रस्तावहरु ।**

(१) सभाको निर्धारित बिषय सूची नं. ५ मा उल्लेखित निम्न दुई बिशेष प्रस्तावहरु सभापतिज्यूले निर्णयको लागि सभा समक्ष प्रस्तुत गर्नु भयो ।

क) संचालक समितिले सिफारिस गरे बमोजिम बोनस शेयर सम्बन्धी प्रस्ताव पारित गर्ने ।

ख) बैंकको प्रबन्धपत्र तथा नियमावलीमा नेपाल राष्ट्र बैंकले निर्देशन गरे अनुसार भएका थपघटलाई सातौं बार्षिक साधारण सभाले प्रदान गरेको अख्तियारी अनुरुप

संचालक समितिले गरेको संशोधनहरुलाई अनुमोदन गर्ने र ठाउँ ठाउँमा रहेको "श्री ५ को सरकार" भन्ने शब्दहरुको सट्टामा "नेपाल सरकार" भन्ने शब्दहरुमा रुपान्तरण गरी संशोधन गर्ने ।

(२) सभापतिज्यूले माथि उल्लेखित बिशेष प्रस्तावहरु पारित गर्नको लागि सभामा प्रस्तुत गर्दा सभामा उपस्थित शेयरधनीहरुले सभापतिज्यूको प्रस्तावको तालि बजाएर समर्थन गर्नु भयो ।

(३) तत्पश्चात, सभापतिज्यूले उल्लेखित दुबै बिशेष प्रस्तावहरु सर्वसम्मतिले पारित भएकोले बैंकको शेयरधनी दर्ता किताबमा मिति २०६३ मंसिर २० गतेसम्म बैंकको शेयरधनीको रुपमा नाम दर्ता भएका शेयरधनीहरुले पाउने गरी बैंकको संचालक समितिले सिफारिस गरे बमोजिम बोनस शेयर बितरण गरिने र बैंकको प्रबन्धपत्र तथा नियमावलीमा शेयरधनीहरु समक्ष प्रस्ताव गरिए बमोजिम संसोधन भएको घोषणा गर्नु भयो । साथै, यस संशोधन पश्चात बैंकको जारी तथा चुक्ता पूँजी बृद्धि भै रु. ८२ करोड १६ लाख ५१ हजार तीन सय कायम हुन पुगेको पनि सभामा जानकारी गराउनु भयो ।

## १३.५ संस्थापक शेयरधनीहरुको तर्फबाट प्रतिनिधित्व गर्ने ५ जना संचालकहरुको निर्वाचन सम्बन्धमा :

आठौं बार्षिक साधारण सभाको निर्धारित बिषय सूची नं. ४ बमोजिम संस्थापक शेयरधनीहरुको तर्फबाट प्रतिनिधित्व गर्ने पाँच जना संचालकहरुको निर्वाचन प्रयोजनका लागि नियुक्त हुनु भएका निर्वाचन अधिकृत श्री कृष्ण बहादुर थापालाई निर्वाचन कार्यक्रम र परिणाम बारे सभालाई जानकारी गराई दिन सभाका सभापतिज्यूले अनुरोध गर्नु भयो ।

सभापतिज्यूको अनुरोध पछि निर्वाचन अधिकृत श्री कृष्ण बहादुर थापाले बैंकको संचालक समितिमा संस्थापक शेयरधनीहरुको तर्फबाट प्रतिनिधित्व गर्ने पाँच जना संचालकहरुको निर्वाचन प्रयोजनको लागि बैंकले वहाँलाई निर्वाचन अधिकृतमा नियुक्त गरेकोमा बैंकलाई धन्यबाद ज्ञापन गर्नु भयो र सभालाई निम्न ब्यहोरा जानकारी गराउनु भयो ।

(क) बैंकका संस्थापक शेयरधनीहरुको तर्फबाट प्रतिनिधित्व गर्ने पाँच जना संचालकहरुको निर्वाचन सम्बन्धी कार्यक्रमको सूचना मिति २०६३ पौष ४ गते बैंकको प्रधान कार्यालयको सूचना पाटिमा टाँस गरि सम्बन्धित सबैको जानकारीको लागि प्रकाशित गरिएको ।

(ख) प्रकाशित निर्वाचन कार्यक्रम अनुसार २०६३ पौष ४ गते दिनको १२:०० बजे मतदाताहरुको प्रथम नामावली र २०६३ पौष ६ गते बिहान १०:०० बजे मतदाताहरुको अन्तिम नामावली प्रकाशित गरिएको ।

(ग) प्रकाशित निर्वाचन कार्यक्रम अनुसार संचालकमा उम्मेदवारको मनोनयन पत्र दर्ता गर्ने अन्तिम म्याद मिति २०६३ पौष ६ गते अपरान्ह ४:०० बजेसम्म रहेकोमा उक्त मिति र

समय भित्र निम्न शेयरधनीहरुले संचालकमा उम्मेदवारीको मनोनयन पत्र दर्ता गराउनु भएको र सोही दिन अपरान्ह ४:३० बजे उम्मेदवारहरुको प्रथम नामावली प्रकाशित गरिएको ।

(१) माछापुच्छ्रे ईन्भेष्टमेन्ट कम्पनी प्रा.लि.को तर्फबाट श्रीमती गीता श्रेष्ठ ।
(२) श्रीमती प्रेम कुमारी के.सी. ।
(३) श्री प्रकाश के.सी. ।
(४) पि.के.आर. ईन्भेष्टमेन्ट कम्पनी प्रा.लि.को तर्फबाट श्री सूर्य बहादुर के.सी. ।
(५) श्री आजाद श्रेष्ठ ।
(६) श्री गणेश बहादुर श्रेष्ठ ।

(घ) उम्मेदवारी उपर दाबी बिरोध गर्न मिति २०६३ पौष ७ गते अपरान्ह ४:०० बजेसम्मको समयावधि दिईएकोमा उक्त मिति र समय भित्र कुनै उम्मेदवार बिरुद्ध कसैको कुनै किसिमको दाबी बिरोध पर्न नआएको ।

(ङ) उम्मेदवारले आफ्नो नाम फिर्ता लिने म्याद मिति २०६३ पौष ८ गते अपरान्ह ४:०० बजेसम्म रहेकोमा उक्त मिति र समय भित्र उम्मेदवार श्री गणेश बहादुर श्रेष्ठले आफ्नो नाम फिर्ता लिनु भएकोले मिति २०६३ पौष ८ गते अपरान्ह ४:३० बजे उम्मेदवारहरुको अन्तिम नामावली प्रकाशित गरिएको ।

(च) बैंकको संचालक निर्वाचन कार्यबिधि निर्देशिका, २०६० को परिच्छेद ५ को दफा १३(१), बैंकको प्रवन्धपत्र तथा नियमावली र प्रचलित नेपाल कानून बमोजिम संचालक पदको लागि उम्मेदवारी दिनेको संख्या निर्वाचनको माध्यमबाट पूर्ति गर्नु पर्ने संचालकको संख्या भन्दा बढि नभएकोले निम्न उम्मेदवारहरुलाई बैंकको संस्थापक शेयरधनीहरुको तर्फबाट संचालक समितिमा प्रतिनिधित्व गर्ने गरि संचालकमा ४ बर्षको लागि निर्बिरोध निर्वाचित भएको घोषणा गर्नु भयो ।

(१) माछापुच्छ्रे ईन्भेष्टमेन्ट कम्पनी प्रा.लि.को तर्फबाट श्रीमती गीता श्रेष्ठ ।
(२) श्रीमती प्रेम कुमारी के.सी. ।
(३) श्री प्रकाश के.सी. ।
(४) पि.के.आर. ईन्भेष्टमेन्ट कम्पनी प्रा.लि.को तर्फबाट श्री सूर्य बहादुर के.सी. ।
(५) श्री आजाद श्रेष्ठ ।

(छ) परिणाम घोषणा पश्चात नवनिर्वाचित संचालकहरुलाई निर्वाचन अधिकृतले संचालकमा निर्बिरोध निर्वाचित भएको प्रमाणपत्र प्रदान गर्नु भयो र वहाँहरुको पूर्ण सफल कार्यकालको कामनाका साथै हार्दिक बधाई ज्ञापन गर्नु भयो ।

**१३.६ नवनिर्वाचित संचालकहरुलाई धन्यबाद ज्ञापन :**

सभाका सभापति श्री सूर्य बहादुर के.सी.ज्यूले निर्वाचित संचालकहरुको कार्यकालको सफलताको कामना गर्नुका साथै बधाई ज्ञापन गर्नु भयो ।

साथै, बैंकको संस्थापक शेयरधनीहरुको तर्फबाट संचालक समितिमा प्रतिनिधित्व गर्ने पाँच जना संचालकहरुको निर्वाचन सम्बन्धी कार्यक्रम सफलताका साथ सम्पन्न गरि दिनु भएकोमा निर्वाचन अधिकृत श्री कृष्ण बहादुर थापाज्यूलाई हार्दिक धन्यबाद ज्ञापन गर्नु भयो ।

**१३.७ बिबिध :**

यस आठौं बार्षिक साधारण सभाको निर्धारित बिषय सूची नं. ६ मा रहेको बिबिध शीर्षकमा छलफलको लागि कुनै प्रस्ताव प्राप्त नभएको ब्यहोरा सभापतिज्यूले सभालाई जानकारी गराउनु भयो ।

**१४. धन्यबाद ज्ञापन :**

निर्वाचन अधिकृतले संचालक निर्वाचन सम्बन्धी बिबरणको जानकारी पनि सभालाई गराई सकेको र छलफलको लागि निर्धारित प्रस्तावहरु उपर सभाले निर्णय गर्ने कार्य सकिए पछि सभापतिज्यूले आठौं बार्षिक साधारण सभामा प्रस्तुत भएका मन्तब्य, जिज्ञासा, बिचार र सुझाबहरु निकै महत्वपूर्ण रहेको र शेयरधनी महानुभावहरुले दिनु भएको रचनात्मक सल्लाह एवं सुझावहरुलाई ब्यवहारमा उतार्न प्रयत्नशील रहने प्रतिबद्धता ब्यक्त गर्नु भयो र आजको सभा सफलतापूर्वक संचालन गर्न सहभागिता र सहयोगका साथै बैंकको काम कारवाहीमा अभिरुचि राखि बैंक संचालक समिति तथा ब्यवस्थापनलाई मार्गदर्शन एवं प्रेरणा प्रदान गरेकोमा शेयरधनी महानुभावहरुलाई हार्दिक धन्यबाद ज्ञापन गर्नुभयो ।

**१५. सभा बिसर्जन :**

सभाका सभापति श्री सूर्य बहादुर के.सी.ज्यूले अपरान्ह १:०५ बजे आठौं बार्षिक साधारण सभा बिसर्जन भएको घोषणा गर्नु भयो ।

..............................
श्री पृथ्वी श्रेष्ठ
कम्पनी सचिव

..............................
श्री सूर्य बहादुर के.सी.
अध्यक्ष, संचालक समिति
तथा, आठौं साधारण सभाका सभापति ।